उच्च शिक्षा परिषद् बागमती प्रदेशको २०८० कार्तिक १६ गतेको बैठकबाट स्वीकृत

# प्रदेश उच्च शिक्षण संस्थाको स्वीकृती,सञ्चालन तथा अनुगमन सम्बन्धी कार्यविधि २०८०

’प्रदेश उच्च शिक्षा नियमावली, २०७९ को नियम २१ ले दिएको अधिकार प्रयोग गरी शिक्षण संस्थाको स्वीकृति स्थापना, अनुगमन तथा शैक्षिक गुणस्तर सुनिश्चितताका लागि उच्च शिक्षा परिषद्ले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेदः १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** यी कार्यविधिको नाम “उच्च शिक्षण संस्था स्वीकृति सञ्चालन तथा अनुगमन सम्बन्धी कार्यविधि २०८०” रहेको छ । यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**क)** **"ऐन"** भन्नाले बागमती प्रदेशको “प्रदेश उच्च शिक्षा ऐन, २०७८” सम्झनु पर्दछ ।

**ख)** **"नियमावली"** भन्नाले बागमती प्रदेशको “प्रदेश उच्च शिक्षा नियमावली, २०७९” सम्झनु पर्दछ।

**ग)** **"परिषद्"** भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको प्रदेश उच्च शिक्षा परिषद् सम्झनु पर्दछ।

**घ)** **"उच्च शिक्षण संस्था"** भन्नाले ऐनको दफा ८ बमोजिम स्थापना भएको सार्वजनिक विश्वविद्यालय, सामुदायिक विश्वविद्यालय, मानित विश्वविद्यालय एवं स्वायत्त प्रतिष्ठान सम्झनु पर्दछ ।

**ङ)** **"मन्त्रालय"** भन्नाले बागमती प्रदेश सरकारको उच्च शिक्षा हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

**च)** **"अनुगमन समिति"** भन्नाले नियमावलीको नियम ७ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

**छ)** **"जाँचबुझ कार्यदल"** भन्नाले नियमावलीको नियम १२ को उपनियम (२) बमोजिम गठित जाँचबुझ कार्यदल सम्झनु पर्नेछ ।

**ज)** **"विज्ञ समूह"** भन्नाले नियमावलीको नियम ९ बमोजिम गठित विज्ञ समूह सम्झनु पर्दछ ।

**झ)** **"मापदण्ड"** भन्नाले ऐनको अनुसूचीमा उल्लेखित रहेको विश्वविद्यालय स्थापना गर्न चाहिने आवश्यक न्युनतम मापदण्ड तथा पूर्वाधार सम्झनु पर्दछ ।

**ञ)** **"संरक्षक समिति"** भन्नाले ऐनको दफा १३ वा दफा ९ को उपदफा (९) बमोजिम गठित संरक्षक समिति सम्झनु पर्दछ ।

**ट)** **"विश्वविद्यालय सभा"** भन्नाले ऐन बमोजिम स्थापित विश्वविद्यालय वा प्रतिष्ठानमा नियमावलीको अनुसूची—२ को ५(क) मा उल्लेखित प्रयोजनका लागि गठन हुने सभा सम्झनु पर्दछ ।

## परिच्छेदः २
## विश्वविद्यालय स्थापना सम्बन्धी कार्यविधि

### २.१ आवश्यकता पहिचान गर्ने

(१) प्रदेश उच्च शिक्षा नियमावली, २०७९ लागू भएको छ महिनाभित्रमा र तत्पश्चात् सामान्यतया प्रत्येक पाँच वर्षमा प्रदेशमा आवश्यक विश्वविद्यालय तथा प्रतिष्ठानको सङ्ख्या तथा अध्यापन गर्नु पर्ने विषयहरूको सम्बन्धमा परिषद्ले विज्ञ समूहमार्फत अध्ययन गरी आवश्यकता पहिचान गराउनेछ । तर प्रदेश सरकारले आवश्यकता परेमा पाँच वर्ष अगावै पनि अध्ययन गराउन सक्नेछ ।

(२) विश्वविद्यालय स्वीकृति तथा स्थापनाको प्रयोजनका लागि नियमावलीको नियम ९ बमोजिम परिषद्ले विज्ञ समूहहरूको गठन गरी प्रत्येक पाँच-पाँच वर्षमा स्थापना गरिने विश्वविद्यालयको सङ्ख्या तथा त्यस्ता विश्वविद्यालयले अध्यापन गर्ने विशिष्ट विषयहरूको अध्ययन गरी तयार पारेको प्रतिवेदनका आधारमा सम्भावित विश्वविद्यालयको प्रकार, सङ्ख्या तथा विषयगत प्राथमिकताका क्षेत्र निर्धारण गर्नेछ।

(३) विश्वविद्यालय स्थापनाको सम्भाव्यता तथा प्राथमिकताका क्षेत्र निर्धारण गर्ने विज्ञ समूहको गठन गर्दा परिषद्ले ख्याति प्राप्त शिक्षाविद्को संयोजकत्वमा प्रदेश योजना आयोगका एकजना सदस्य, मन्त्रालयले तोकेका अधिकृत स्तरका कर्मचारी एकजना, प्रदेश विश्वविद्यालयका प्राध्यापक एकजना तथा प्रदेश सरकारले तोकेका प्राविधिज्ञ एकजना समावेश रहेको ५ (पाँच) सदस्यीय विज्ञ समूह गठन गर्नेछ ।

(४) उपर्युक्त बमोजिम गठित विज्ञ समूहले अध्ययन गरी सङ्ख्या तथा विषयको प्राथमिकता निर्धारण गर्दा सम्भव भएसम्मका तथ्याङ्क तथा सूचकाङ्कको खोजी तथा विश्लेषण गरी निम्न कुराहरूलाई समेत विशेष ध्यान दिई प्रतिवेदन तयार पार्नु पर्नेछः

क) प्रदेशमा उच्च शैक्षणिक संस्थाहरूले हाल गराइरहेका अध्ययन, अध्यापन तथा सिकाइ शिक्षणका विषयहरू,

ख) त्यस्ता शैक्षणिक संस्थाहरूमा विज्ञान, सामाजिक विज्ञान, मानविकी तथा प्राविधिक क्षेत्रमा अध्ययनरत विद्यार्थीको वितरण अनुपात,

ग) त्यस्ता शैक्षणिक संस्थाहरूमा अध्यापनमा आवद्ध विभिन्न विषयका शिक्षकहरूको सङ्ख्या तथा विषयगत अनुपात,

घ) हाल अध्ययन अध्यापन भइरहेका विषयहरूले सिर्जना गरेको रोजगारीको अवस्था वा सम्भाव्यता,

ङ) विद्यार्थीको आकर्षण रहेका विषय क्षेत्र,

च) प्रदेशमा रहेका विभिन्न विश्वविद्यालयका आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूको सङ्ख्या तथा विद्यार्थी शुल्कको अवस्था,

छ) प्रदेश सरकारले स्वीकृति दिने तथा स्थापना गर्ने विश्वविद्यालयले निर्धारण गर्नसक्ने अधिकतम तथा न्यूनतम शुल्कको सम्भाव्यता,

ज) नयाँ विश्वविद्यालयलाई स्वीकृति दिँदा वा स्थापना गर्दा प्रदेश सरकारमाथि पर्न सक्ने आर्थिक दायित्व, र

झ) प्रदेशका विभिन्न जिल्लाको विषयगत उच्च शिक्षाको सम्भावना।

(५) विज्ञ समूहले दिने प्रतिवेदनमा नयाँ विश्वविद्यालय स्थापना गर्दा वा स्वीकृति दिँदा त्यस्ता विश्वविद्यालयले संचालन गर्ने विषयगत शैक्षिक कार्यक्रम लगायत विद्यार्थी सङ्ख्या, आवश्यक पर्ने भौतिक सुविधाको विवरण, आर्थिक तथा मानव संसाधनको आत्मनिर्भरताको सम्भावना तथा त्यस्ता विश्वविद्यालयको विकासका सम्भावनाहरू यकिन गरेको हुनु पर्नेछ ।

## २.२ सार्वजनिक विश्वविद्यालयको स्थापनाको प्रक्रिया

(क) ऐनको दफा ८ को उपदफा (१) बमोजिम स्थापना हुने सार्वजनिक विश्वविद्यालयका सम्बन्धमा:

(१) ऐनको दफा ८ को उपदफा (१) बमोजिम स्थापना हुने सार्वजनिक विश्वविद्यालय प्रदेश सरकारको निर्णयद्वारा स्थापना हुनेछ।

तर सो विश्वविद्यालयको स्थापना र संचालनको कार्यक्रम प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा समावेश भएको हुनुपर्नेछ।

(२) प्रदेश सरकारले सो विश्वविद्यालय स्थापनाको सम्भाव्यता अध्ययनका लागि कार्यदल गठन गरी सो को प्रतिवेदन प्राप्त गर्नु पर्नेछ। सो प्रतिवेदनमा प्रदेश उच्च शिक्षा ऐन, २०७८ ले तोके बमोजिमका मापदण्ड तथा शर्तहरू समावेश भएको हुनु पर्नेछ।

(३) स्थापनाका लागि प्रस्ताव गरिएको विश्वविद्यालयको प्रस्तावित विधान, विश्वविद्यालय स्थापनाका लागि आवश्यक न्यूनतम मापदण्ड तथा पूर्वाधारका लागि भए गरेको कार्यप्रगतिको प्रतिवेदन पारित गरी प्रदेश सरकारले विश्वविद्यालय स्थापनाका लागि सैद्धान्तिक सहमति प्रदान गर्नेछ।

(४) विश्वविद्यालय स्थापनाका लागि सैद्धान्तिक सहमतिपश्चात् विश्वविद्यालयको स्थापना र संचालनका लागि आवश्यक तयारी पूरा भएपछि विश्वविद्यालयको स्वीकृतिको सिफारिसका लागि मन्त्रालयले परिषद् समक्ष प्रस्ताव पेस गर्नेछ ।

(५) परिषदबाट विश्वविद्यालयको स्थापनाको स्वीकृतिको सिफारिस भएमा प्रदेश सरकारले विश्वविद्यालय स्थापनाको निर्णय गर्नेछ।

(ख) ऐनको दफा ९ को उपदफा (२) (३) वा (४) बमोजिम स्थापना हुने सार्वजनिक विश्वविद्यालय: ऐनको दफा ९ को उपदफा (२) (३) वा (४) बमोजिम स्थापना हुने सार्वजनिक विश्वविद्यालयका सम्बन्धमा:

(१) विज्ञ समुहले पेस गरेको प्रतिवेदनको आधारमा परिषद्को निर्णय बमोजिम मन्त्रालयले प्रत्येक पाँच बर्षमा सार्वजनिक विश्वविद्यालय स्थापनाको लागि आवेदन आह्वान गर्न सक्नेछ। तर पहिलो पटकको लागि नियमावली लागु भएको छ महिनाभित्र विज्ञ समुहमार्फत अध्ययन गराई आवश्यकता पहिचान गरी आवेदन आह्वान गर्नेछ।

(२) आवेदन आह्वान गर्दा कम्तीमा एक (१) महिनाको अवधि राखी सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ। पर्याप्त आवेदन प्राप्त नभएको परिषदलाई लागेमा त्यस्तो सूचना पुनः प्रकाशन गर्न सकिने छ।

(३) आवेदन माग गर्दा ऐनको अनुसूचीमा तोकिएका मापदण्ड तथा नियमावलीको अनुसूची ३ ले तोकेको आवेदनको ढाँचा र उल्लेखित कागजातहरूको प्रतिलिपि सहित आवेदन पेस गर्न सुचित गर्नुपर्नेछ ।

(४) ऐनको दफा ९ को उपदफा (२) बमोजिम कुनै विश्वविद्यालयको आङ्गिक क्याम्पसलाई सार्वजनिक विश्वविद्यालयको रूपमा सञ्चालन गर्न चाहने वा ऐनको दफा ९ को उपदफा (३) बमोजिम कुनै विश्वविद्यालयको सम्बन्धन लिई सञ्चालनमा रहेका सामुदायिक वा मुनाफा आर्जन नगर्ने उच्च शिक्षण संस्था वा ऐनको दफा ९ को उपदफा (४) बमोजिम संस्थागत वा निजी लगानीमा कुनै विश्वविद्यालयबाट सम्बन्धन लिई सञ्चालनमा रहेका क्याम्पसलाई सार्वजनिक विश्वविद्यालयको रूपमा सञ्चालन गर्न चाहने संस्थाको व्यवस्थापन समितिले नियमावलीको अनुसूची १ मा तोकिएको दस्तुर दाखिला गरी अनुसूची २ को ढाँचा अनुसारको विधान सहित अनुसूची ३ को ढाँचामा विश्वविद्यालय स्थापनाका लागि मन्त्रालयमा आवेदन दिनु पर्नेछ ।

(५) सो आवेदन साथ नियमावलीको अनुसूची ३ मा उल्लेख भए बमोजिमका कागजातहरूको प्रतिलिपि समेत पेस गर्नु पर्नेछ । कुनै विश्वविद्यालयको सम्बन्धन लिई सञ्चालनमा रहेका सामुदायिक वा मुनाफा आर्जन नगर्ने उच्च शिक्षण संस्थाले आवेदन दिंदा साविकको मातृ विश्वविद्यालयसँग सम्बन्धन अन्त्य गर्ने सम्बन्धमा क्याम्पस सञ्चालक समितिबाट भएको निर्णय तथा सो विश्वविद्यालय अन्तर्गत भर्ना भएका विद्यार्थीहरूको सबै शैक्षिक सत्र पूरा गर्ने प्रतिबद्धता पत्र संलग्न राखी वा ऐनको दफा ९ को उपदफा (५) बमोजिम क्रेडिट (अङ्कभार) स्थानान्तरण गर्नुपर्ने भएमा सो को स्वीकृति प्राप्त गरी मातृ विश्वविद्यालयको कानूनले तोकेको भए सो प्रक्रिया समेत पूरा गरेको प्रमाण आवेदन साथ संलग्न गर्नुपर्नेछ ।

(६) आवेदनसाथ पेस गर्नुपर्ने कागजातलाई पूर्णता दिन मन्त्रालयले आवश्यक सहजीकरण गर्न सक्नेछ।

(७) आवेदन पेस गर्दा आवेदन, संलग्न कागजातहरू सक्कल सहित प्रमाणित प्रतिलिपि समेत लिई संस्थाका प्रतिनिधि उपस्थित हुनु पर्नेछ।मन्त्रालयले सक्कल कागजातहरू हेरी रुजु गरी प्रमाणित

प्रतिलिपि बुझिलिनु पर्नेछ। तत् पश्चात आवेदन दर्ता गरी आवेदकलाई आवेदन दर्ताको निस्सा साथ सक्कल कागजात फिर्ता दिनु पर्नेछ।

(८) आवेदन पेस गरेपश्चात मन्त्रालयले पेस गरिएको आवेदन, संलग्न विवरण र कागजातहरू पूर्ण भए नभएको, रीतपूर्वक रहे नरहेको हेरी कागजातहरू पूर्ण नभएको र रितपूर्वक नरहेको पाइएमा आवेदकलाई तुरुन्तै सुचित गरी ७ (सात) दिनभित्र कागजातहरू पूर्ण गरी रित पुर्‍याई पेस गर्न निर्देशन दिनेछ।

(९) कार्यतालिका निर्माण आवेदन दर्तापश्चात् निम्न बमोजिमको कार्यतालिका निर्माण गरी सो बमोजिमको समयावधी भित्र कार्य सम्पन्न गरिने छ।

(१०)सार्वजनिक विश्वविद्यालय स्थापनाका लागि पेस हुन आएका सम्पूर्ण आवेदनहरूको विवरण मन्त्रालयले परिषदमा पेस गर्नेछ।

(११)यसरी सार्वजनिक विश्वविद्यालय स्थापनाका लागि पेस हुन आएका आवेदन सम्बन्धमा विचार गर्दा देहायका थप प्रक्रियालाई अवलम्बन गर्ने प्रदेश सरकारको नीतिगत निर्णयलाई समेत परिषद्ले ध्यान दिनुपर्नेछ ।

११.१ दुई वा दुईभन्दा बढी आङ्गिक वा सामुदायिक क्याम्पसहरूलाई विश्वविद्यालयका आङ्गिक क्याम्पसका रूपमा समावेश गरी सार्वजनिक विश्वविद्यालय स्थापना गर्ने नीतिलाई प्राथमिकता दिएको अवस्था।

११.२ यसरी सार्वजनिक विश्वविद्यालय स्थापना गर्दा नगरपालिका तथा गाउँपालिकाले जग्गाको व्यवस्थापन गर्ने प्रतिवद्धता सहितको निर्णय ।

११.३ प्रदेशको कृषि, उद्यमशीलता, पर्यटन तथा प्रविधि विकासमा योगदान दिने गरी पहुँच नपुगको जिल्लामा यस्ता क्याम्पसहरू स्थापना गर्ने स्थानीय सरकारको प्रतिवद्धता र नीतिगत कार्यक्रम ।

११.४ त्यस्ता क्याम्पसहरूको वित्तीय आत्मनिर्भरता र पछाडि पारिएका वर्गको निःशुल्क उच्च शिक्षा पहुँचका बिचमा सन्तुलन ।

११.५ उपर्युक्त नीतिगत प्रक्रियाहरूको कार्यान्वयनका लागि अवधि तोक्न सकिनेछ ।

**(१२) आवेदनको जाँचबुझः** यसरी पेस हुन आएको आवेदन, संलग्न विवरण र कागजातहरू पूर्ण भए नभएको, रीतपूर्वक रहे नरहेको, ऐनको अनुसूचीमा तोकिएको मापदण्ड पूरा भए नभएको तथा त्यस्तो

उच्च शिक्षण संस्था ऐन अन्तर्गत स्थापना हुने विश्वविद्यालय हुन योग्य रहे नरहेको यकिन गर्ने प्रयोजनका लागि परिषद्ले जाँचबुझ कार्यदल गठन गर्नेछ ।

(१३) यस प्रयोजनका लागि कार्यदलको संयोजकमा मन्त्रालयको सचिव, ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ज) बमोजिमको परिषद्का मनोनित सदस्य एकजना र परिषद्ले तोकेको एकजना विषय विज्ञ रहने गरी गर्नुपर्नेछ।

(१४) मन्त्रालयमा पेस हुन आएका आवेदनहरूमध्ये पूर्ण र रितपुर्वक रहेको आवेदन, संलग्न विवरण र कागजातहरू मन्त्रालयले मूल्याङ्कन तथा सिफारिसको लागि गठित जाँचबुझ कार्यदलमा पठाउनेछ।

(१५) मूल्याङ्कन गर्ने क्रममा जाँचबुझ कार्यदलले कागजातहरूको मूल्याङ्कनका साथसाथै अनिवार्य रूपमा स्थलगत अवलोकन तथा सम्बन्धित व्यक्ति, पदाधिकारी तथा शाखा प्रमुख र आवश्यकता अनुसार अन्य कर्मचारीहरूसँग छलफल गरी मूल्याङ्कन गरेको हुनु पर्नेछ।

(१६) जाँचबुझ कार्यदलले जाँचबुझका क्रममा सरकारी निकायबाट कुनै कागजात झिकाई जाँच गर्नुपर्ने भएमा सो कार्य गर्न तथा कुनै विषयमा विश्लेषण एवम् जाँचबुझ गर्नुपर्ने देखिएमा सो विषयका विशेषज्ञ वा विषय विज्ञद्वारा जाँचबुझ गराउन सक्नेछ।

(१७) जाँचबुझ कार्यदलले निम्न कुराहरूको जाँचबुझ गर्नेछः

क) ऐन बमोजिमको मापदण्ड पूरा भए नभएको

ऐन बमोजिमको मापदण्डको मूल्याङ्कन सम्बन्धमा अङ्कभारको विधि अपनाउनु पर्नेछ। सो प्रयोजनका लागि जाँचबुझ कार्यदलका संयोजक तथा सदस्यहरू प्रत्येकले सम्बन्धित संस्थाको सम्बन्धमा देहायको फर्ममा अङ्क प्रदान गरी सहीछाप गरी सिलबन्दी गरी संयोजकलाई हस्तान्तरण गर्ने छन् -

**—) भौतिक संरचना तथा सुविधा (ऐनको अनुसूची बमोजिम)**

| क्र.सं | विवरण | अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | पुस्तकालय | १० | १० हजार पुस्तक भएमा ५ अङ्क, त्यसपछिको प्रत्येक ५ हजार पुस्तकका लागि १ अङ्क थपिने। | |
| २ | खानेपानी | १० | सम्पूर्ण विद्यार्थी र शिक्षक तथा कर्मचारीका लागि पर्याप्त हुने गरी सरकारी मापदण्ड अनुसारको खानेपानी भएमा पूर्णाङ्क, पर्याप्त नभएमा क्रमशः अङ्क घटाउने। | |
| ३ | कक्षा कोठाहरू | १० | पूर्ण क्षमतामा विद्यार्थी भर्ना हुँदा आवश्यक पर्ने कक्षाकोठा र प्रयोगशाला,अतिरिक्त क्रियाकलापका लगि | |

| | | | | |
|---|---|---|---|---|
| | | | आवश्यक पर्ने कक्षाकोठा र सेमिनार सञ्चालनका लागि आवश्यक कक्ष भएमा १० अङ्क र पूर्ण क्षमतामा विद्यार्थी भर्ना हुँदा आवश्यक पर्ने कक्षाकोठा र प्रयोगशाला,अतिरिक्त क्रियाकलापका लगि आवश्यक पर्ने कक्षाकोठा मात्र भएमा ९ अङ्क र पूर्ण क्षमतामा विद्यार्थी भर्ना हुँदा आवश्यक पर्ने कक्षाकोठा मात्र भएमा ८ अङ्क | |
| ४ | सभा कक्ष | १० | ७०० जनाको क्षमता भएको सभा कक्ष भए १०,६०० जनाको क्षमता भएको सभा कक्ष भएमा ९ र ५०० जना क्षमता भएकोसभा कक्ष भएमा ८ अङ्क प्रदान गर्ने | |
| ५ | जग्गा जमिन | ३० | न्यूनतम मापदण्ड पूरा गरेकोमा २० अङ्क, त्यसपश्चात प्रत्येक रोपनीमा १ अङ्क थपिने। | |
| ६ | छात्रावास | २० | छात्रवासका लागि माग गर्ने सम्पूर्ण विद्यार्थीहरू मध्ये महिला तथा पुरुषका लागि कम्तीमा ३० प्रतिशतका लागि व्यवस्था भएमा १५ अङ्क र सो भन्दा कमलाई अङ्क घटाउने र बढी भए अङ्क बढाउने। | |
| ७ | अपांगमैत्री | १० | भवन एवम् शौचालयहरु अफाङ्गमैत्री हुनुपर्ने | |
| | जम्मा | १०० | | |

**ङ) शैक्षिक आधार**

| क्र.सं | विवरण | अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि र पुस्तक अनुपात | १० | | |
| २ | विद्युतीय पुस्तकालय | २० | | |
| ३ | अध्ययन कक्ष | १० | | |
| ४ | प्रयोगशाला | १० | | |
| ५ | प्राध्यापक | २० | | |
| ६ | पियर रिभ्यु लेख | १० | | |
| ७ | विद्यार्थी तथा बजार पहुँच | २० | | |
| | जम्मा | १०० | | |

द्रष्टव्यः खण्ड क र ख को विवरण बमोजिम अङ्क प्रदान गर्दा विद्यार्थीको अनुपातमा भएका सुविधा र स्तरलाई ध्यानमा राख्नु पर्नेछ ।

**ञ)अन्य**

| क्र.सं | विवरण | अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | वातवरणीय व्यवस्थापन | २० | | |
| २ | सामाजिक प्रभाव | २० | | |
| ३ | सम्भाव्यता | २० | | |
| ४ | आन्तरिकगुणस्तर सुनिश्चितता | ३० | | |
| ५ | अभ्यास केन्द्र | १० | | |
| | जम्मा | १०० | | |

द्रष्टव्यः  खण्ड ग को विवरण बमोजिम अङ्क प्रदान गर्दा उल्लेखित विषयको स्तरियतालाई ध्यानमा राख्नु पर्नेछ ।

उपर्युक्त बमोजिमका मापदण्डहरूको मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा कार्यदलका संयोजक तथा सदस्यहरूले उक्त प्राप्ताङ्कको कारणसमेत खुलाउनु पर्नेछ र स्वीकृतिको लागि अन्य मापदण्ड पूरा गर्नुका अतिरिक्त खण्ड (अ), (आ) र (इ) मा प्रत्येक खण्डमा उल्लिखित मापदण्डको प्राप्ताङ्कमा ६० अङ्क प्राप्ताङ्कको रूपमा सुनिश्चित गर्नुपर्नेछ ।

ख)  शुल्कको ढाँचा निर्धारण गरेको नगरेको

ग)  यस अतिरिक्त जाँचबुझ गर्दा कार्यदलले देहाय बमोजिमको कुरामा विशेष ध्यान दिनु पर्नेछः

अ)प्रदेश सरकारले अनुदान दिई संचालन भएका वा लगानीमा संचालन भएका सामुदायिक शिक्षण संस्थालाई प्राथमिकता दिँदा, सो अनुदान वा लगानी प्राप्त गर्ने संस्थाले सो प्राप्त गरेपछि गुणस्तर वृद्धि गरेको छ छैन, शिक्षक तथा कर्मचारीको वृत्तिविकासका कार्यक्रमहरू संचालन गरेको छ छैन तथा पुस्तकालय, सफा खानेपानी, सूचना प्रविधि तथा शैक्षिक वा प्राज्ञिक वार्षिक क्यालेण्डर लागू गरेको छ छैन।

आ) संघीय विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्तिता तथा प्रत्ययनको प्रमाणपत्र प्राप्त गरेका संस्थाले आफ्नो संस्थाभित्र गुणस्तर सुनिश्चितता तथा प्रत्ययनको लागि अलग केन्द्र स्थापना गरे नगरेको, मासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गरे नगरेको, अनुदान आयोगले तोकेका कार्यहरू गरे नगरेको जस्ता कुराहरू।

इ) मुनाफा वितरण नगर्ने उच्च शिक्षण संस्थाले सामाजिक जिम्मेवारीका कामहरू गरे नगरेको।

(१८) जाँचबुझ कार्यदलले जाँचबुझ गर्दा मापदण्ड वा शर्त पूरा नभएका शिक्षण संस्थाका हकमा निश्चित अवधि तोकी मापदण्ड पूरा गरी पुनः आवेदन गर्न निर्देशन दिन सक्नेछ।

(१९) जाँचबुझ कार्यदलले विश्वविद्यालयको स्थापनाका निमित्त मन्त्रालयमा परेको आवेदन, प्रस्तावित विश्वविद्यालयको विधानको मस्यौदा, आवेदनसँग संलग्न अन्य कागजात तथा प्रमाणहरू पर्याप्त भए नभएको जाँचबुझ गर्ने तथा आवश्यकतानुसार स्थलगत अवलोकन समेत गरी ४५ (पैंतालीस) दिन भित्र प्रतिवेदन पेस गर्नुपर्नेछ ।

तर सो अवधिमा जाँचबुझको कार्य हुन नसक्ने मनासिब कारण भए परिषद्ले १५ (पन्ध्र) दिनको समय थप गर्न सक्नेछ ।

(२०) जाँचबुझका क्रममा कार्यदल वा परिषद्ले पेस हुन आएको विधान उपर आवश्यक संशोधन गर्नका लागि निर्देशन दिन सक्नेछ ।

(२१) सो निर्देशन बमोजिम विधान संशोधन गरी कार्यदलले तोकेको अवधि भित्र पुनः पेस गर्ने दायित्व सम्बन्धित संस्थाको हुनेछ ।

(२२) जाँचबुझ कार्यदलले प्राप्त आवेदन उपर जाँचबुझ गरी स्वीकृतिको सिफारिस गर्दा ऐनले तोकेका मापदण्डका अतिरिक्त देहायका मापदण्ड पूरा गरेका संस्थालाई प्राथमिकता दिनेछः—

(क) प्रदेश सरकारको अनुदान वा लगानीमा सञ्चालन भएका र मापदण्ड पूरा गरेका उच्च शिक्षण संस्था,

(ख) सङ्घीय विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको प्रमाणपत्र प्राप्त गरेका,

(ग) सामुदायिक वा मुनाफा वितरण नगर्ने उच्च शिक्षण संस्था।

(२३) जाँचबुझ कार्यदलले आफ्नो कामलाई व्यवस्थित गर्न कार्यविधि बनाई लागू गर्नुपर्नेछ ।

(२४) जाँचबुझ सम्पन्न भएपछि जाँचबुझ कार्यदलले मन्त्रालयमा प्रतिवेदन पेस गर्नेछ र सो प्रतिवेदन बुझाएको कुराको जानकारी परिषद्लाई दिनेछ।

(२५) जाँचबुझ कार्यदलको प्रतिवेदनमा मापदण्ड पूरा भई योग्य देखिएको संस्थाको हकमा मन्त्रालयले १५ (पन्ध्र) दिनभित्र परिषद् समक्ष प्रतिवेदन साथ स्वीकृतिको सिफारिस गर्नेछ।

(२६) परिषदमा स्वीकृतिका लागि सिफारिस भएको प्रस्तावलाई परिषद्ले आवश्यक अध्ययन गरी स्वीकृति दिन मनासिब देखिएमा ३० (तीस) दिनभित्र स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेस गर्नेछ।

(२७) परिषदमा स्वीकृतिको लागि प्राप्त सिफारिस अध्ययन गर्दा पर्याप्त आधार पुगेको नदेखिएमा परिषद्ले मन्त्रालयलाई ३० (तीस) दिनको समयावधि दिई थप जाँचबुझ तथा पुष्ट्याईको लागि निर्देशन दिन सक्नेछ।

(२८) निर्देशन बमोजिम थप जाँचबुझ तथा पुष्टयाँइसहित मन्त्रालयले पुनः स्वीकृतिको सिफारिस गर्नु पर्नेछ।

(२९) यसरी पेस भएको विश्वविद्यालय स्वीकृतिको सिफारिस अध्ययन गर्दा पर्याप्त आधार पुगेको देखिएमा परिषद्ले ३० (तीस) दिनभित्र स्वीकृतिको लागि प्रदेश सरकार समक्ष सिफारिस पेस गर्नेछ।

(३०) विश्वविद्यालय स्थापनाको स्वीकृतिका लागि पेस भएको प्रस्तावमा परिषदबाट भएको सिफारिस बमोजिम प्रदेश सरकारले विश्वविद्यालय स्थापनाको स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३१) विश्वविद्यालय स्थापनाको स्वीकृति भएको मितिले १५ (पन्ध्र) दिनभित्र मन्त्रालयले अनुसूची— ४ बमोजिमको ढाँचामा विश्वविद्यालय स्थापनाको स्वीकृति पत्र जारी गर्नेछ।

(३२) उच्च शिक्षण संस्था स्वीकृतिको सूचना र सो संस्थाको विधान प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

## २.३ सामुदायिक विश्वविद्यालय, मानित विश्वविद्यालय तथा प्रतिष्ठान स्थापनाको प्रक्रिया

(१) विज्ञ समुहले पेस गरेको प्रतिवेदनको आधारमा परिषद्को निर्णय बमोजिम मन्त्रालयले प्रत्येक पाँच बर्षमा सामुदायिक विश्वविद्यालय, मानित विश्वविद्यालय तथा प्रतिष्ठानको स्थापनाको लागि आवेदन आह्वान गर्न सक्नेछ । तर पहिलो पटकको लागि नियमावली लागु भएको छ महिनाभित्र विज्ञ समुहमार्फत् अध्ययन गराई आवश्यकता वा प्राथमिकताको क्षेत्र पहिचान गरी आवेदन आह्वान गर्न सक्नेछ ।

(२) आवेदन आह्वान गर्दा कम्तीमा एक (१) महिनाको अवधि राखी सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ। पर्याप्त आवेदन प्राप्त नभएको परिषदलाई लागेमा त्यस्तो सूचना पुनः प्रकाशन गर्न सकिने छ।

(३) आवेदन माग गर्दा ऐनको अनुसूचीमा तोकिएका मापदण्ड तथा नियमावलीको अनुसूची ३ ले तोकेको आवेदनको ढाँचा र उल्लेखित कागजातहरू सहित सामुदायिक विश्वविद्यालय वा मानित विश्वविद्यालय वा प्रतिष्ठान के को लागि आवेदन हो भनी प्रष्ट खुलाई आवेदन पेस गर्न सुचित गर्नुपर्नेछ ।

(४) सामुदायिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान सञ्चालन गर्न चाहने कुनै निकाय वा संस्थाले संस्थाको व्यवस्थापन समितिले नियमावलीको अनुसूची १ मा तोकिएको दस्तुर दाखिला गरी अनुसूची २ को ढाँचा अनुसारको विधान सहित अनुसूची ३ को ढाँचामा सामुदायिक

विश्वविद्यालय, मानित विश्वविद्यालय वा स्वायत्त प्रतिष्ठान स्थापनाका लागि मन्त्रालयमा आवेदन दिनु पर्नेछ।सो आवेदन साथ विस्तृत विवरण सहितको अवधारणापत्र समावेश गरी, अवधारणापत्रमा समावेश गरिएका विवरणहरूलाई पुष्टि गर्ने प्रमाणहरू अनुसूचीमा क्रमबद्ध ढंगले उल्लेख गरेको हुनुपर्नेछ। सामुदायिक विश्वविद्यालय स्थापना गर्न चाहने संस्था वा निकायले आवेदनसाथ पेस गर्ने सर्वसम्मत सम्झौता वा व्यवस्थापन समितिको निर्णयमा वित्तीय आत्मनिर्भरताको प्रतिवद्धता साथै विषयगत शुल्कको ढाँचा समेत उल्लेख गर्नुपर्ने छ ।

(५) सो आवेदन साथ नियमावलीको अनुसूची ३ मा उल्लेख भए बमोजिमका कागजातहरूको प्रतिलिपि समेत पेस गर्नु पर्नेछ । कुनै विश्वविद्यालयको सम्बन्धन लिई सञ्चालनमा रहेका सामुदायिक वा मुनाफा आर्जन नगर्ने उच्च शिक्षण संस्थाले आवेदन दिँदा साविकको मातृ विश्वविद्यालयसँग सम्बन्धन अन्त्य गर्ने सम्बन्धमा क्याम्पस व्यवस्थापन समितिबाट भएको निर्णय तथा सो विश्वविद्यालय अन्तर्गत भर्ना भएका विद्यार्थीहरूको सबै शैक्षिक सत्र पूरा गर्ने प्रतिबद्धता पत्र संलग्न राखी वा ऐनको दफा ९ को उपदफा (५) बमोजिम क्रेडिट (अङ्कभार) स्थानान्तरण गर्नुपर्ने भएमा सो को स्वीकृति प्राप्त गरी मातृ विश्वविद्यालयको कानूनले तोकेको भए सो प्रक्रिया समेत पूरा गरेको प्रमाण आवेदन साथ संलग्न गर्नुपर्नेछ ।

(६) आवेदनसाथ पेस गर्नुपर्ने कागजातलाई पूर्णता दिन मन्त्रालयले आवश्यक सहजीकरण गर्न सक्नेछ।

(७) आवेदन पेस गर्दा आवेदन, संलग्न कागजातहरू सक्कल सहित प्रमाणित प्रतिलिपि समेत लिई संस्थाका प्रतिनिधि उपस्थित हुनु पर्नेछ। मन्त्रालयले सक्कल कागजातहरू हेरी रुजु गरी प्रमाणित प्रतिलिपि बुझिलिनु पर्नेछ । तत्पश्चात आवेदन दर्ता गरी आवेदकलाई आवेदन दर्ताको निस्सा साथ सक्कल कागजात फिर्ता दिनु पर्नेछ ।

(८) आवेदन पेस गरेपश्चात मन्त्रालयले पेस गरिएको आवेदन, संलग्न विवरण र कागजातहरू पूर्ण भए नभएको, रीतपूर्वक रहे नरहेको हेरी कागजातहरू पूर्ण नभएको र रितपूर्वक नरहेको पाइएमा आवेदकलाई तुरुन्तै सुचित गरी तिन (३) दिनभित्र कागजातहरू पूर्ण गरी रित पुर्‍याइ पेस गर्न निर्देश दिनेछ ।

**(९) कार्यतालिका निर्माणः** आवेदन दर्ता पश्चात् कार्यतालिका निर्माण गरी सो बमोजिमको समयावधी भित्र कार्य सम्पन्न गरिने छ।

(१०) सामुदायिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा प्रतिष्ठान स्थापनाका लागि पेस हुन आएका सम्पूर्ण आवेदनहरूको विवरण मन्त्रालयले परिषदमा पेस गर्नेछ ।

(११) **आवेदनको जाँचबुझः** यसरी पेस हुन आएको आवेदन, संलग्न विवरण र कागजातहरू पूर्ण भए नभएको, रीतपूर्वक रहे नरहेको, ऐनको अनुसूचीमा तोकिएको मापदण्ड पूरा भए नभएको तथा त्यस्तो उच्च शिक्षण संस्था ऐन अन्तर्गत स्थापना हुने विश्वविद्यालय हुन योग्य रहे नरहेको यकिन गर्ने प्रयोजनका लागि परिषद्ले जाँचबुझ कार्यदल गठन गर्नेछ ।

(१२) यस प्रयोजनका लागि कार्यदलको संयोजकमा मन्त्रालयको सचिव, ऐनको दफा ३ को उपदफा (२) को खण्ड (ज) बमोजिमको परिषद्का मनोनित सदस्य एकजना र परिषद्ले तोकेको एकजना विषय विज्ञ रहने गरी गर्नु पर्नेछ।

(१३) मन्त्रालयमा पेस हुन आएका आवेदनहरूमध्ये पूर्ण र रितपुर्वक रहेको आवेदन, संलग्न विवरण र कागजातहरू मन्त्रालयले मूल्याङ्कन तथा सिफारिसको लागि गठित जाचँबुझ कार्यदलमा पठाउनेछ।

(१४) मूल्याङ्कन गर्ने क्रममा जाँचबुझ कार्यदलले आवेदन, प्रस्तावित विश्वविद्यालय तथा स्वायत्त प्रतिष्ठानको विधान, आवेदनसँग संलग्न अन्य कागजात तथा प्रमाणहरू पर्याप्त भए नभएको जाँचबुझ गर्नुका साथै अनिवार्य रूपमा स्थलगत अवलोकन तथा सम्बन्धित व्यक्ति, पदाधिकारी तथा शाखाप्रमुख र आवश्यकता अनुसार अन्य कर्मचारीहरूसँग छलफल गरी मूल्याङ्कन गरेको हुनु पर्नेछ।

(१५) जाँचबुझ कार्यदलले जाँचबुझका क्रममा सरकारी निकायबाट कुनै कागजात झिकाइ जाँच गर्नुपर्ने भएमा सो कार्य गर्न तथा कुनै विषयमा विश्लेषण एवम् जाँचबुझ गर्नुपर्ने देखिएमा सो विषयका विशेषज्ञ वा विषय विज्ञद्वारा जाँचबुझ गराउन सक्नेछ ।

**(१६) जाँचबुझ कार्यदलले निम्न कुराहरूको जाँचबुझ गर्नेछः**

क) ऐन बमोजिमको मापदण्ड पूरा भए नभएको

ऐन बमोजिमको मापदण्डको मूल्याङ्कन सम्बन्धमा अङ्कभारको विधि अपनाउनु पर्नेछ । सो प्रयोजनका लागि जाँचबुझ कार्यदलका संयोजक तथा सदस्यहरू प्रत्येकले सम्बन्धित संस्थाको सम्बन्धमा देहायको फर्ममा अङ्क प्रदान गरी सहीछाप गरी सिलबन्दी गरी संयोजकलाई हस्तान्तरण गर्ने छन् ।

–) भौतिक संरचना तथा सुविधा (ऐनको अनुसूची बमोजिम)

| क.सं | विवरण | मापदण्ड | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | पुस्तकालय | १० हजार पुस्तक भएमा ५ अङ्क, त्यसपछिको प्रत्येक ५ हजार पुस्तकका लागि | १० | |

| | | | | |
|---|---|---|---|---|
| | | १ अङ्क थपिने। | | |
| २ | खानेपानी | सम्पूर्ण विद्यार्थी र शिक्षक तथा कर्मचारीका लागि पर्याप्त हुने गरी सरकारी मापदण्ड अनुसारको खानेपानी भएमा पूर्णाङ्क, पर्याप्त नभएमा क्रमशः अङ्क घटाउने। | १० | |
| ३ | कक्षा कोठाहरू | | १० | |
| ४ | सभा कक्षा | | १० | |
| ५ | जग्गा जमिन | न्यूनतम मापदण्ड पूरा गरेकोमा २० अङ्क, त्यसपश्चात प्रत्येक रोपनीमा १ अङ्क थपिने । | ३० | |
| ६ | छात्रावास | छात्रवासका लागि माग गर्ने सम्पूर्ण विद्यार्थीहरू मध्ये महिला तथा पुरुषका लागि कम्तीमा ३० प्रतिशतका लागि व्यवस्था भएमा १५ अङ्क र सो भन्दा कमलाई अङ्क घटाउने र बढी भए अङ्क बढाउने । | २० | |
| ७ | अपांगमैत्री | | १० | |
| | जम्मा | | १०० | |

ट) शैक्षिक आधार

| क.सं | विवरण | अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि र पुस्तक अनुपात | १० | | |
| २ | विद्युतीय पुस्तकालय | २० | | |
| ३ | अध्ययन कक्ष | १० | | |
| ४ | प्रयोगशाला | १० | | |
| ५ | प्राध्यापक | २० | | |
| ६ | पियर रिभ्यु लेख | १० | | |
| ७ | विद्यार्थी तथा बजार पहुँच | २० | | |
| | जम्मा | १०० | | |

द्रष्टव्यः खण्ड क र ख को विवरण बमोजिम अङ्क प्रदान गर्दा विद्यार्थीको अनुपातमा भएका सुविधा र स्तरलाई ध्यानमा राख्नु पर्नेछ ।

ग) अन्य

| क.सं | विवरण | अङ्कभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | वातवरणीय व्यवस्थापन | २० | | |
| २ | सामाजिक प्रभाव | २० | | |
| ३ | सम्भाव्यता | २० | | |
| ४ | आन्तरिक गुणस्तर सुनिश्चितता | ३० | | |
| ५ | अभ्यास केन्द्र | १० | | |
| | जम्मा | | | |

द्रष्टव्यः खण्ड ग को विवरण बमोजिम अङ्क प्रदान गर्दा उल्लेखित विषयको स्तरीयतालाई ध्यानमा राख्नु पर्नेछ ।

उपर्युक्त बमोजिमका मापदण्डहरूको मूल्याङ्कन गरी अङ्क प्रदान गर्दा कार्यदलका संयोजक तथा सदस्यहरूले उक्त प्राप्ताङ्कको कारणसमेत खुलाउनु पर्नेछ र स्वीकृतिको लागि अन्य मापदण्ड पूरा गर्नुका अतिरिक्त खण्ड (क),(ख) र (ग) मा प्रत्येक खण्डमा उल्लिखित मापदण्डको प्राप्ताङ्कमा ६० अङ्क प्राप्ताङ्कको रूपमा सुनिश्चित गर्नुपर्नेछ ।

ख) शुल्कको ढाँचा निर्धारण गरेको नगरेको,

ग) यस अतिरिक्त जाँचबुझ गर्दा कार्यदलले देहाय बमोजिमको कुरामा विशेष ध्यान दिनु पर्नेछः

क) प्रदेश सरकारले अनुदान दिई संचालन भएका वा लगानीमा संचालन भएका सामुदायिक शिक्षण संस्थालाई प्राथमिकता दिँदा, सो अनुदान वा लगानी प्राप्त गर्ने संस्थाले सो प्राप्त गरेपछि गुणस्तर वृद्धि गरेको छ छैन, शिक्षक तथा कर्मचारीको वृत्तिविकासका कार्यक्रमहरू संचालन गरेको छ छैन तथा पुस्तकालय, सफा खानेपानी, सूचना प्रविधि तथा शैक्षिक वा प्राज्ञिक वार्षिक क्यालेण्डर लागू गरेको छ छैन।

ख) संघीय विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्ययनको प्रमाणपत्र प्राप्त गरेका संस्थाले आफ्नो संस्थाभित्र गुणस्तर सुनिश्चितता तथा प्रत्ययनको लागि अलग केन्द्र स्थापना गरे नगरेको, मासिक, अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन तयार गरे नगरेको, अनुदान आयोगले तोकेका कार्यहरू गरे नगरेको जस्ता कुराहरू।

ग) मुनाफा वितरण नगर्ने उच्च शिक्षण संस्थाले सामाजिक जिम्मेवारीका कामहरू गरे नगरेको।

(१७) जाँचबुझ कार्यदलले जाँचबुझ गर्दा मापदण्ड वा शर्त पूरा नभएका शिक्षण संस्थाका हकमा निश्चित अवधि तोकी मापदण्ड पूरा गरी पुनः आवेदन गर्न निर्देशन दिन सक्नेछ।

(१८) जाँचबुझ कार्यदलले कार्यदल गठन भएको ४५ (पैंतालीस) दिन भित्र जाँचबुझ कार्य सम्पन्न गरी प्रतिवेदन पेस गर्नुपर्नेछ। तर सो अवधिमा जाँचबुझको कार्य हुन नसक्ने मनासिब कारण भएमा परिषद्ले १५ (पन्ध्र) दिनको समय थप गर्न सक्नेछ ।

(१९) जाँचबुझका क्रममा कार्यदल वा परिषद्ले पेस हुन आएको विधान उपर आवश्यक संशोधन गर्नका लागि निर्देशन दिन सक्नेछ।

(२०) सो निर्देशन बमोजिम विधान संशोधन गरी कार्यदलले तोकेको अवधि भित्र पुनः पेस गर्ने दायित्व सम्बन्धित संस्थाको हुनेछ।

(२१) सामुदायिक विश्वविद्यालय, मानित विश्वविद्यालय तथा स्वायत्त प्रतिष्ठानको लागि योग्य भएको कुराको सिफारिस गर्नु पूर्व जाँचबुझ कार्यदलले आवेदन दिने संस्था वा निकायहरूसँग छलफलद्वारा निम्न कुराहरू सुनिश्चित गरी लिखित रूपमा प्रतिवद्धता प्राप्त गर्नुपर्ने छः

(क) त्यस्ता शिक्षण संस्थाहरू सामुदायिक वा मानित विश्वविद्यालय वा प्रतिष्ठानमा रुपान्तरण भएपछि लागू गर्नुपर्ने शुल्कको ढाँचा,

(ख) प्रदेशका जेहेन्दार तथा पहुँचविहिन विद्यार्थीहरूलाई पहुँच,

(ग) मानित विश्वविद्यालय तथा प्रतिष्ठानहरू मिलेर उन्नत विश्वविद्यालय निर्माण गर्ने सकारात्मक दृष्टिकोणको निर्माण,

(घ) विभिन्न स्थानमा अस्थायी केन्द्रहरू निर्माण गरी सहज र सुलभ शिक्षा उपलब्ध गराउने सक्रियता,

(ङ) आय आर्जनका स्रोतहरू विकास गरी शुल्क न्यून गर्ने सक्रियता ।

(२२) जाँचबुझ कार्यदलले विश्यविद्यालय वा स्वायत्त प्रतिष्ठानको लागि योग्य भएको भनी स्वीकृतिको सिफारिस गर्दा ऐनले तोकेका मापदण्डका अतिरिक्त देहायका मापदण्ड पूरा गरेका संस्थालाई प्राथमिकता दिनेछः

(क) प्रदेश सरकारको अनुदान वा लगानीमा सञ्चालन भएका र मापदण्ड पूरा गरेका उच्च शिक्षण संस्था,

(ख) सङ्घीय विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको प्रमाणपत्र प्राप्त गरेका,

(ग) सामुदायिक वा मुनाफा वितरण नगर्ने उच्च शिक्षण संस्था,

(घ) दुई वा सो भन्दा बढी सामुदायिक क्याम्पसहरूले सर्वसम्मत सम्झौताद्वारा सामुदायिक विश्वविद्यालय स्थापना गर्न लागेको अवस्था।

(२३) सामुदायिक विश्वविद्यालय, मानित विश्वविद्यालय वा स्वायत्त प्रतिष्ठान जेसुकै स्वीकृतिका लागि आवेदन दिए पनि सबै मापदण्डको विश्लेषण गर्दा आवेदनमा उल्लेख गरेभन्दा फरक शिक्षण संस्थाका रूपमा स्थापना भई संचालन हुनसक्ने सम्भावना देखिएमा जाँचबुझ कार्यदलले सो विषयमा सहजीकरण गर्न सक्नेछ।

(२४) जाँचबुझ कार्यदलले आफ्नो कामलाई व्यवस्थित गर्न कार्यविधि बनाई लागू गर्नुपर्नेछ।

(२५) जाँचबुझ सम्पन्न भएपछि जाँचबुझ कार्यदलले विश्वविद्यालय वा स्वायत्त प्रतिष्ठान स्थापनाका लागि योग्य देखिएको संस्थाको हकमा स्वीकृतिको सिफारिस सहितको जाँचबुझ व्यहोराको प्रतिवेदन मन्त्रालयमा पेस गर्नेछ र सो प्रतिवेदन बुझाएको कुराको जानकारी परिषद्लाई दिनेछ।

(२६) जाँचबुझ कार्यदलको प्रतिवेदनमा मापदण्ड पूरा भई योग्य देखिएको संस्थाको हकमा मन्त्रालयले १५ (पन्ध्र) दिनभित्र परिषद् समक्ष प्रतिवेदन साथ स्वीकृतिको सिफारिस गर्नेछ।

(२७) परिषद्मा स्वीकृतिका लागि सिफारिस भएको प्रस्तावलाई परिषद्ले आवश्यक अध्ययन गरी स्वीकृति दिन मनासिब देखिएमा ३० (तीस) दिनभित्र स्वीकृतिका लागि प्रदेश सरकार समक्ष पेस गर्नेछ।

(२८) परिषद्मा स्वीकृतिको लागि प्राप्त सिफारिस अध्ययन गर्दा पर्याप्त आधार पुगेको नदेखिएमा परिषद्ले मन्त्रालयलाई ३० (तीस) दिनको समयावधि दिई थप जाँचबुझ तथा पुष्ट्याईको लागि निर्देशन दिन सक्नेछ।

(२९) निर्देशन बमोजिम थप जाँचबुझ तथा पुष्टयाँइसहित मन्त्रालयले पुनः स्वीकृतिको सिफारिस गर्नु पर्नेछ।

(३०) यसरी पेस भएको विश्वविद्यालय स्वीकृतिको सिफारिस अध्ययन गर्दा पर्याप्त आधार पुगेको देखिएमा परिषद्ले ३० (तीस) दिनभित्र स्वीकृतिको लागि प्रदेश सरकार समक्ष सिफारिस पेस गर्नेछ।

(३१) विश्वविद्यालय स्थापनाको स्वीकृतिका लागि पेस भएको प्रस्तावमा परिषद्बाट भएको सिफारिस बमोजिम प्रदेश सरकारले विश्वविद्यालय स्थापनाको स्वीकृति प्रदान गर्न सक्नेछ।

(३२) विश्वविद्यालय स्थापनाको स्वीकृति भएको मितिले १५ (पन्ध्र) दिनभित्र मन्त्रालयले नियमावलीको अनुसूची ४ बमोजिमको ढाँचामा विश्वविद्यालय स्थापनाको स्वीकृति पत्र जारी गर्नेछ।

(३२) उच्च शिक्षण संस्था स्वीकृतिको सूचना र सो संस्थाको विधान प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

## परिच्छेद ३

## संरक्षक समिति तथा विश्वविद्यालय सभा

३.१. ऐनको दफा १३ को उपदफा (३) बमोजिमको संरक्षक समितिका (क) देखि (ज) सम्म तोकिएका सदस्यहरूको पहिलो पटकका लागि मनोनयन गर्दा ऐनको दफा ९ (४) ले गरेको व्यवस्था बमोजिमका संस्थागत वा निजी लगानीमा कुनै विश्वविद्यालयबाट सम्बन्धन लिई संचालनमा रहेका क्याम्पसले विश्वविद्यालय, मानित विश्वविद्यालय, प्रतिष्ठान वा आंगिक क्याम्पसको रूपमा स्थापना वा मान्यता पाएको अवस्थामा देहाय बमोजिमको कार्यविधि अवलम्बन गरी संरक्षक समितिको गठनको प्रक्रिया सुरु गर्नु पर्नेछः

(क) ऐनको दफा ९ को उपदफा (९) ले यस्ता संस्थाका संस्थापक सदस्यहरूलाई संरक्षक समिति (बोर्ड अफ ट्रस्टिज) मा दुई कार्यकालसम्म समावेश गर्नुपर्ने व्यवस्था गरेकोले यस्ता संस्थापक सदस्यहरूबाट संरक्षक समितिको गठन हुनेछ।

(ख) संस्थापक सदस्यहरूको संरक्षक समितिको रूपमा बसेको बैठकले ऐनको दफा १३ को उपदफा (३) को खण्ड (क), (ख), (ग), (घ), (ङ) खण्ड (छ) र (ज) बमोजिम मनोनयन हुने प्रत्येक सदस्यका लागि तिन-तिन जनाको नाम मन्त्रालयमार्फत् परिषदमा सिफारिस गर्नेछ।

(ग) सो सिफरिस बमोजिमका नाममा छलफल गरी परिषद्ले पहिलो पटकको नियुक्तिका लागि मुख्यमन्त्री समक्ष सिफारिस गर्नेछ ।

(घ) यो प्रक्रिया विश्वविद्यालय वा प्रतिष्ठानको स्वीकृति पाएको ६० दिनभित्र पूरा गरी विश्वविद्यालय वा प्रतिष्ठानको सभा गठनको प्रक्रिया सुरु गर्नुपर्नेछ ।

३.२. **सार्वजनिक विश्वविद्यालयको विश्वविद्यालय सभाको गठन तथा बैठक**का सम्बन्धमा विधानमा देहाय बमोजिमको उल्लेख गर्नुपर्नेछ ।

(क) विश्वविद्यालयको संरक्षक समितिको अध्यक्ष विश्वविद्यालये सभाको 'सभाध्यक्ष हुनेछ ।

(ख) विश्वविद्यालयको कार्यकारी प्रमुखलाई "कुलाचार्य (University Vice Chanclleor) tyf (Academic Vice Chanclleor )Æ भनिनेछ । सभाध्यक्षको अनुपस्थितिमा निजले सभाको अध्यक्षता गर्नेछ ।

(ग) विश्वविद्यालय सभामा देहायका सदस्यहरू रहने छन्-

(१) विश्वविद्यालयको मुख्यालय रहेका क्षेत्रको प्रदेश सभा सदस्य।

(२) संरक्षक समितिको बैठकले आफूमध्येबाट मनोनयन गरेका तीनजना।

(३) विश्वविद्यालयका संकाय प्रमुख वा विभागीय निर्देशकहरू मध्येबाट कम्तीमा एकजना महिला सहित तीनजना।

(४) सम्बन्धित विषयगत परिषद्को प्रतिनिधि र सो लागु नहुने अवस्थामा मन्त्रालयले मनोनयन गरेको विशेषज्ञ एकजना।

(५) संरक्षक समितिको पदेन सदस्य एकजना।

(६) बागमती प्रदेशको अर्थ सम्बन्धी मामिला हेर्ने मन्त्रालयको सचिव ।

(७) बागमती प्रदेशबाट प्रतिनिधित्व गर्ने संघीय सांसदहरूमध्येबाट प्रदेश सरकारले मनोनयन गरेका प्रतिनिधिसभाका सदस्य एकजना ।

(८) विश्वविद्यालयका प्रमुखहरूमध्ये दुईजना ।

(९) विश्वविद्यालयका शिक्षकमध्येबाट कम्तीमा एकजना महिला सहित तीनजना।

(१०) विश्वविद्यालयका अधिकृत कर्मचारीमध्ये एकजना ।

(११) क्याम्पस प्रमुखहरूमध्येबाट कार्यकारी परिषद्ले मनोनयन गरेका दुईजना ।

(१२) आर्थिक सहयोग दाताहरूमध्येबाट संरक्षक समितिले मनोनयन गरेका दुईजना ।

(१३) समाजसेवामा क्रियाशील व्यक्तिहरूमध्येबाट संरक्षक समितिले मनोनयन गरेको दुईजना।

(१४) अभिभावकहरू मध्येबाट संरक्षक समितिले मनोनयन गरेका दुईजना ।

(१५) पूर्व विद्यार्थीहरूमध्येबाट कार्यकारी परिषद्ले मनोनयन गरेका एकजना महिला सहित दुईजना

(१६) तोकिए बमोजिम कार्यकारी परिषद्ले मनोनयन गरेका विद्यार्थीहरू मध्येबाट एकजना महिला सहित तीनजना ।

(१७) विश्वविद्यालयले अध्यापन गराउने सम्बन्धित क्षेत्रमा विशेष योगदान पुर्‍याएका लब्ध प्रतिष्ठित व्यक्तिहरूमध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना ।

(१८) विश्वविद्यालयले अध्यापन गराउने सम्बन्धित क्षेत्रमा सेवा निवृत भएका व्यक्तिहरू मध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना ।

(१९) विश्वविद्यालयले अध्यापन गराउने सम्बन्धित क्षेत्रका विशिष्ट विज्ञहरूबाट कार्यकारी परिषद्ले मनोनयन गरेका दुईजना ।

(२०) प्रदेश सरकारले मनोनयन गरेका कम्तीमा एक-एकजना दलित, जनजाति एवम् महिला सहित चारजना ।

(२१) विश्वविद्यालयको मुख्यालय रहेको नगरपालिका वा गाउँपालिकाका प्रमुख ।

३.३ **सामुदायिक विश्वविद्यालयको विश्वविद्यालय सभाको गठन तथा बैठकका** सम्बन्धमा विधानमा देहाय बमोजिमको व्यवस्था उल्लेख गर्नुपर्नेछ ।

(क) विश्वविद्यालयको संरक्षक समितिको अध्यक्ष विश्वविद्यालय सभाको सभाध्यक्ष हुनेछ ।

(ख) विश्वविद्यालयको कार्यकारी प्रमुखलाई "कुलाचार्य (University Vice Chanclleor) tyf (Academic Vice Chanclleor)Æ भनिनेछ । सभाध्यक्षको अनुपस्थितिमा निजले सभाको अध्यक्षता गर्नेछ ।

(ग) विश्वविद्यालय सभामा देहायका सदस्यहरू रहने छन् -

(१) विश्वविद्यालयको मुख्यालय रहेका क्षेत्रको प्रदेश सभा सदस्य।

(२) संरक्षक समितिको बैठकले आफूमध्येबाट मनोनयन गरेका तीनजना।

(३) विश्वविद्यालयका संकाय प्रमुख वा विभागीय निर्देशकहरू मध्येबाट कम्तीमा एकजना महिला सहित तीनजना ।

(४) सम्बन्धित विषयगत परिषद्को प्रतिनिधि र सो लागु नहुने अवस्थामा मन्त्रालयले मनोनयन गरेको विशेषज्ञ एकजना ।

(५) संरक्षक समितिको पदेन सदस्य एकजना ।

(६) विश्वविद्यालयको प्रमुखहरूमध्ये दुईजना ।

(७) विश्वविद्यालयको शिक्षकमध्येबाट कम्तीमा एकजना महिला सहित तीनजना ।

(८) विश्वविद्यालयको अधिकृत कर्मचारीमध्ये एकजना ।

(९) संस्थापक सदस्यहरूले आफूमध्येबाट मनोनयन गरेका दुईजना ।

(१०) आर्थिक सहयोग दाताहरूमध्येबाट संरक्षक समितिले मनोनयन गरेका दुईजना ।

(११) समाजसेवामा क्रियाशील व्यक्तिहरूमध्येबाट संरक्षक समितिले मनोनयन गरेका दुईजना।

(१२) अभिभावकहरू मध्येबाट संरक्षक समितिले मनोनयन गरेका दुईजना ।

(१३) पूर्व विद्यार्थीहरूमध्येबाट कार्यकारी परिषद्ले मनोनयन गरेका एकजना महिला सहित दुईजना ।

(१४) तोकिए बमोजिम कार्यकारी परिषद्ले मनोनयन गरेका विद्यार्थीहरू मध्येबाट एकजना महिला सहित तीनजना ।

(१५) विश्वविद्यालयले अध्यापन गराउने सम्बन्धित क्षेत्रमा विशेष योगदान पुऱ्याएका लब्ध प्रतिष्ठित व्यक्तिहरूमध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना ।

(१६) विश्वविद्यालयले अध्यापन गराउने सम्बन्धित क्षेत्रमा सेवा निवृत भएका व्यक्तिहरू मध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना ।

(१७) विश्वविद्यालयले अध्यापन गराउने सम्बन्धित क्षेत्रका विशिष्ट विज्ञहरूबाट कार्यकारी परिषद्ले मनोनयन गरेका दुईजना ।

(१८) विश्वविद्यालयको मुख्यालय रहेको नगरपालिका वा गाउँपालिकाका प्रमुख ।

३.४**मानित विश्वविद्यालय सभाको गठन तथा बैठकका** सम्बन्धमा विधानमा देहाय बमोजिमको व्यवस्था उल्लेख गर्नु पर्नेछः

(क) मानित विश्वविद्यालयको संरक्षक समितिको अध्यक्ष विश्वविद्यालय वा प्रतिष्ठानको सभाको सभाध्यक्ष हुनेछ ।

(ख) मानित विश्वविद्यालयको कार्यकारी प्रमुखलाई "कुलाचार्य (University Vice Chanclleor) tyf (Academic Vice Chanclleor)£ भनिनेछ । सभाध्यक्षको अनुपस्थितिमा निजले सभाको अध्यक्षता गर्नेछ ।

(ग) मानित विश्वविद्यालय सभामा देहायका सदस्यहरू रहने छन्-

(१) विश्वविद्यालयको मुख्यालय रहेको क्षेत्रको प्रदेश सभा सदस्य

(२) संरक्षक समितिको बैठकले आफूमध्येबाट मनोनयन गरेका तीनजना ।

(३) विश्वविद्यालयको संकाय प्रमुख वा विभागीय निर्देशकहरू मध्येबाट कम्तीमा एकजना महिला सहित तीनजना ।

(४) सम्बन्धित विषयगत परिषद्को प्रतिनिधि र सो लागु नहुने अवस्थामा मन्त्रालयले मनोनयन गरेको विशेषज्ञ एकजना ।

(५) संरक्षक समितिको पदेन सदस्य एकजना ।

(६) विश्वविद्यालयका प्रमुखहरूमध्ये दुईजना ।

(७) विश्वविद्यालयका शिक्षकमध्येबाट कम्तीमा एकजना महिला सहित तीनजना ।

(८) विश्वविद्यालयका अधिकृत कर्मचारीमध्ये एकजना ।

(९) संस्थापक सदस्यहरूले आफूमध्येबाट मनोनयन गरेका दुईजना ।

(१०) आर्थिक सहयोग दाताहरूमध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना ।

(११) समाजसेवामा क्रियाशील व्यक्तिहरूमध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना

(१२) अभिभावकहरू मध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना

(१३) पूर्व विद्यार्थीहरूमध्येबाट कार्यकारी परिषद्ले मनोनयन गरेका एकजना महिला सहित दुईजना

(१४) तोकिए बमोजिम कार्यकारी परिषद्ले मनोनयन गरेका विद्यार्थीहरू मध्येबाट एकजना महिला सहित तीनजना

(१५) विश्वविद्यालयले अध्यापन गराउने सम्बन्धित क्षेत्रमा विशेष योगदान पुर्याएका लब्ध प्रतिष्ठित व्यक्तिहरूमध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना ।

(१६) विश्वविद्यालयले अध्यापन गराउने सम्बन्धित क्षेत्रमा सेवा निवृत भएका व्यक्तिहरू मध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना ।

(१७) विश्वविद्यालयले अध्यापन गराउने सम्बन्धित क्षेत्रका विशिष्ट विज्ञहरूबाट कार्यकारी परिषद्ले मनोनयन गरेका दुईजना ।

(१८) विश्वविद्यालयको मुख्यालय रहेको नगरपालिका वा गाउँपालिकाका प्रमुख ।

३.५ प्रतिष्ठान सभाको गठन तथा बैठकका सम्बन्धमा विधानमा देहाय बमोजिमको व्यवस्था उल्लेख गर्नु पर्नेछः

(क) प्रतिष्ठानको संरक्षक समितिको अध्यक्ष प्रतिष्ठान सभाको ’सभाध्यक्ष” हुनेछ ।

(ख) प्रतिष्ठानको कार्यकारी प्रमुखलाई “कुलाचार्य (University Vice Chanclleor) tyf (Academic Vice Chanclleor)Æ भनिनेछ । सभाध्यक्षको अनुपस्थितिमा निजले सभाको अध्यक्षता गर्नेछ ।

(ग) प्रतिष्ठानको सभामा देहायका सदस्यहरू रहने छन् -

(१) प्रतिष्ठानको मुख्यालय रहेका क्षेत्रको प्रदेश सभा सदस्य।

(२) संरक्षक समितिको बैठकले आफूमध्येबाट मनोनयन गरेका तीनजना।

(३) प्रतिष्ठानका संकाय प्रमुख वा विभागीय निर्देशकहरू मध्येबाट कम्तीमा एकजना महिला सहित तीनजना।

(४) सम्बन्धित विषयगत परिषद्को प्रतिनिधि र सो लागु नहुने अवस्थामा मन्त्रालयले मनोनयन गरेको विशेषज्ञ एकजना।

(५) संरक्षक समितिको पदेन सदस्य एकजना।

६) बागमती प्रदेशको अर्थ सम्बन्धी मामिला हेर्ने मन्त्रालयको सचिव।

७) बागमती प्रदेशबाट प्रतिनिधित्व गर्ने सङघीय संसादहरुमध्येबाट प्रदेश सरकारले मनोनयन गरेका प्रतनिधिसभाका सदस्य एकजना।

(८) सम्बन्धित क्षेत्रको व्यावसायिक संस्थाको अध्यक्ष।

(९) विश्वविद्यालयका प्रमुखहरूमध्ये दुईजना।

(१०) प्रतिष्ठानका शिक्षकमध्येबाट कम्तीमा एकजना महिला सहित तीनजना।

(११) प्रतिष्ठानका अधिकृत कर्मचारीमध्ये एकजना।

(१२) संस्थापक सदस्यहरूले आफूमध्येबाट मनोनयन गरेका दुईजना ।

(१३) आर्थिक सहयोग दाताहरूमध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना।

(१४) समाजसेवामा क्रियाशील व्यक्तिहरूमध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना।

(१५) अभिभावकहरू मध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना।

(१६) पूर्व विद्यार्थीहरूमध्येबाट कार्यकारी परिषद्ले मनोनयन गरेका एकजना महिला सहित दुईजना।

(१७) तोकिए बमोजिम कार्यकारी परिषद्ले मनोनयन गरेका विद्यार्थीहरू मध्येबाट एकजना महिला सहित तीनजना ।

(१८) प्रतिष्ठानले अध्यापन गराउने सम्बन्धित क्षेत्रमा विशेष योगदान पुर्याएका लब्ध प्रतिष्ठित व्यक्तिहरूमध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना ।

(१९) प्रतिष्ठानले अध्यापन गराउने सम्बन्धित क्षेत्रमा सेवा निवृत भएका व्यक्तिहरू मध्येबाट संरक्षक समितिले मनोनयन गरेका एकजना ।

(२०) प्रतिष्ठानले अध्यापन गराउने सम्बन्धित क्षेत्रका विशिष्ट विज्ञहरूबाट कार्यकारी परिषद्ले मनोनयन गरेका दुईजना ।

(२२) प्रतिष्ठानको मुख्यालय रहेको नगरपालिका वा गाउँपालिकाका प्रमुख ।

## परिच्छेद ४
## विविध

४.१ **अन्य व्यवस्थाः** यस कार्यविधिमा नसमेटिएका विधि तथा प्रक्रियाहरू ऐन, नियमावली तथा यस कार्यविधिका अन्य व्यवस्थासँग नबाझिने गरी मन्त्रालयले निर्धारण गर्न सक्नेछ ।

४.२ **बाधाअड्काउ फुकाउः** यस कार्यविधि बमोजिमको व्यवस्था कार्यान्वयनमा कुनै बाधाअड्काउ परेमा बाधाअड्काउ फुकाउने अधिकार परिषद्लाई हुनेछ ।

४.३. **संशोधन सम्बन्धी व्यवस्थाः** परिषद्को सिफारिसमा प्रदेश सरकारले यस कार्यविधिलाई परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।